# गुठी तैनाथी जग्गा भाडामा दिने बारेको ३० दिने सूचना

**गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको साबिक विराटनगर नगरपालिका वडा नं. १२ को कि.नं. ५७ र ५८ को ०-१५-१-० बिगाहा चतरा गुठीको जग्गा वार्षिक रुपमा दिन चाहेको भाडा रकम प्रष्ट हुनेगरी अंक अक्षरमा लेखि सहि छाप गरी सिलवन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र बोलपत्र फाराम यस कार्यालयमा पेश गर्न सर्व साधारणको जानकारीका लागि सूचित गरिन्छ ।**

शर्तहरु:

१. उक्त क्षेत्रको धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक मूल्य, मान्यतामा प्रतिकुल असर नपर्ने गरी जग्गा भाडामा लिई उपयोग गर्न सकिनेछ ।

२. बोलपत्र फाराम रु. १०००।- (एक हजार मात्र) (फिर्ता नहुने) गरी नगदै बुझाई यसै कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिउसो १२:०० बजेसम्म आफुले लिन चाहेको जग्गाको कित्ता नम्बर लेखि वार्षिक भाडादर अंक अक्षरमा लेखि सहि छाप गरी शिलवन्दी गरी यस कार्यालयमा बोलपत्र फाराम दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । प्रतिकठ्ठा न्यूनतम वार्षिक २ दुई मनमा नघट्ने गरी न्यूनतम मूल्य कायम गरिएको छ ।

४. आफुले सकार गरेको ५ बर्षे कबुल अंकले हुन आउने रकम यस कार्यालयको नाममा २.५ दुई दशमलव पाँच प्रतिशत जमानत वापत नगद जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाणिज्य बैकको जमानत पत्र संलग्न हुनु पर्नेछ । बोलपत्र स्वीकृत भएमा सो व्यहोराको जानकारी गराएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्नु पर्ने छ ।

५. उक्त जग्गा हाल जे जुन अवस्थामा छ, सोही अवस्थामा भाडामा दिइने छ ।

६. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता रहेका तथा कालोसूचिमा परेका व्यक्ति/फर्म वा निजको परिबारका सदस्य यस ठेक्का प्रकृयामा सहभागि हुन सक्ने छैनन् ।

७. प्रस्ताव साथ व्यक्तिको हकमा स्थायी लेखा नं. र संघ संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको आफैले प्रमाणित गरेको प्रतिलिपी सहित गत आ.व. सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

८. बोलपत्र दाखिला गर्दा आफुले लिन चाहेको कबुल रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ ।

९. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन कायम गरिनेछ ।

१०. उक्त जग्गा प्रयोग गर्दा मठ मन्दिरको धार्मिक भावनामा असर पर्ने गतिविधिहरु गर्न पाइने छैन । साथै यहाँबाट निस्कने फोहोरको स्वयम् व्यवस्थापन गर्नु पर्नेछ ।

११ यस बिषयमा कुनै द्विविधा भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सर्वाधिकार गुठी संस्थानमा सुरक्षित रहनेछ ।

**गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वर, फोन नं. ०१४२५३९४१**